# नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी (सत्रौं संशोधन) नियमावली, २०७३

नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी नियमावली, २०५६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी नेपाल नागरिक उड्डयन प्राधिकरणले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी (सत्रौं संशोधन) नियमावली, २०७३" रहेको छ।

(२) यो नियमावली नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी नियमावली, २०५६ को नियम ८.८ मा संशोधन :** नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी नियमावली, २०५६ को नियम ८.८ को,-

(१) उपनियम (१) मा रहेका "साठी दिन" भन्ने शव्दहरुको सट्टा "अन्ठानब्बे दिन" भन्ने शव्दहरु राखिएका छन्।

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) उपनियम (१) बमोजिम प्रसुति विदा लिएका महिला कर्मचारीहरुले चाहेमा कुनै पनि विदाबाट कट्टा नहुने गरी थप छ महिनासम्म बेतलबी प्रसुति विदा लिन सक्नेछन्।

तर उपनियम (१) र उपनियम (२क) बमोजिमको विदा लगातार रुपमा लिनुपर्नेछ।"